नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५८८ मिति :- २०६९/६/२६

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजतपत्रप्राप्त “क”वर्गका बाणिज्य बैंक र राष्ट्रिय स्तरका “ख” वर्गका विकास बैंकहरू ।

विषय :- भारतबाट फलाम आयात गर्दा ढुवानी खर्च वापतको सटही सुविधा सम्बन्धमा ।

भारतबाट फलाम आयात गर्दा ढुवानी खर्च वापतको सटही सुविधा भारतीय रुपैयाँमा उपलब्ध गराउने सम्बन्धमा देहाय बमोजिम व्यबस्था गरिएको हुंदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

नेपालमा विधिवत दर्ता भै स्थापना भएका फलाम सम्वन्धी काम गर्ने उद्योगहरुले भारतीय स्पात निगमबाट परिवर्त्य विदेशी मुद्रामा कच्चा पदार्थ आयात गर्दा त्यसवापत लाग्ने ढुवानी खर्च भारतीय रुपैयाँमा पठाउनु पर्दा त्यस्तो कच्चा पदार्थ भारतीय रेलवेबाट ढुवानी हुने हुंदा ढुवानी वापतको रकम भारतीय स्पात निगमले भारतीय रेलवेलाई भुक्तानी गर्ने अवस्थामा उक्त ढुवानी भाडा भारतीय रेलवेले प्रदान गरेको वील / वीजकको रकम वरावर हुने गरी भारतीय स्पात निगमलाई नै पठाउन सकिने छ ।

भवदीय,

(लिलाप्रकाश सिटौला)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री विकास बैंक सुपरिवेक्षण विभाग ।
७. श्री वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
८. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
९. श्री सूचना प्रविधि विभाग ।
१०. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, कमलादी, काठमाडौ ।
११. श्री डेभलपमेण्ट बैंकर्स एशोसियसन, अनामनगर, काठमाडौ ।
१२. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलन मार्ग, टेकु ।
१३. श्री नेपाल उद्योग परिसंघ, मिलन मार्ग, टेकु ।